नेपाल सरकार

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**प्रेस विज्ञप्ति**

मिति २०८२ साउन २० गते मंगलवार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्री श्री भगवती न्यौपानेज्यूको अध्यक्षतामा आ.व.२०८१/०८२ को बार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो। उक्त बैठकमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. गंगादत्त अवस्थी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री रविलाल पन्थ, मन्त्रालयका सह-सचिव, विभागका महानिर्देशक, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधिहरु, कार्यक्रम/आयोजनाका प्रमुख, समिति, आयोग र प्रतिष्ठानहरुका कार्यकारी निर्देशकहरु साथै अन्य कर्मचारी समेतको उपस्थिति रहेको थियो।

कार्यक्रममा माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री भगवती न्यौपानेज्यूले आ.ब. २०८१/०८२ को समग्र भौतिक तथा वित्तीय प्रगति सन्तोषजनक रहेता पनि थप उत्साहप्रद बनाउनका लागि आवधिक योजनाको मन्त्रालयसँग सम्बन्धित विषय क्षेत्र, नीति तथा कार्यक्रम, बजेट र लक्ष्यभित्र रहेर नविनतम् ढंगबाट कार्य गर्नका लागि निर्देशन दिनुभयो। त्यसैगरी उहाँले कर्मचारीहरुले उच्च मनोबलका साथ संविधान र विद्यमान कानूनले दिएको क्षेत्राधिकारभित्र रहेर आर्थिक अनुशासन कायम राख्दै नतिजामुखी काम गर्नुपर्नेमा जोड दिनुभयो। सेवा प्रवाहको गुणस्तर कायम गर्न, स्थानीय पूर्वाधार विकासमा सहजीकरण तथा स्थानीय तहका प्राबिधिक कर्मचारीको क्षमता विकासको लागि समन्वय गर्न, सङ्घीयता कार्यान्वयनमा ३ तहका सरकारवीच  समन्वय एवम् सहकार्यलाई सवल बनाउनका लागि आवश्यक कार्य गर्न निर्देशन दिनुहुँदै मानव संशाधनको विकासलाई प्रभावकारी बनाउँदै संस्थागत क्षमता अभिवृद्धि गरी चुनौति र समस्याको सिर्जनात्मक समाधानमा जोड दिनुभयो।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. गंगादत्त अवस्थीज्यूले मन्त्रालयको समग्र प्रगति सन्तोषजनक रहेको बताउदै ७५३ स्थानीय तहको समन्वय र सम्पर्क गर्ने बृहद भूमिका रहेको यस मन्त्रालयले स्थानीय तहको योजना तथा अनुगमन प्रणाली, तथ्याङ्क व्यवस्थापनलाई प्रभावकारी बनाउन भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो। मन्तव्यकै क्रममा मन्त्रालयका सचिव श्री रविलाल पन्थले  सहभागीद्वारा उठाइएका सवालको जवाफ दिँदै मन्त्रालयवाट भएका महत्त्वपूर्ण कार्यको संक्षेपमा प्रष्ट पार्नु भएको थियो।

उक्त अवसरमा मन्त्रालयका सह-सचिव श्री कालीप्रसाद पराजुलीले मन्त्रालय र अन्तर्गतका निकाय,कार्यक्रम तथा आयोजनाको समग्र प्रगति प्रस्तुत गर्दै आ.व. ०८१/०८२ को लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्तर्गतका निकाय/कार्यक्रमको लागि विनियोजित बजेट रु ८ अर्ब  ९५ करोड ३६ लाख वार्षिक बजेटमध्ये आर्थिक बर्षको अन्त्य सम्मको सङ्घ तर्फको  खुद बजेट रु. ६ अर्ब  ६२ करोड ३० लाख रहेकोमा जम्मा खर्च रु ४ अर्व ४  करोड ५ लाख खर्च (६१.०१%) भएको जसमध्ये चालु तर्फ ५ अर्ब ३१ करोड ८ लाख रहेकोमा  रु ३ अर्ब १५ करोड ८७ लाख (५९.४८%) र पूँजिगत  तर्फ रु  १ अर्ब ३१ करोड २२ लाख रहेकोमा रु ८८  करोड  १८ लाख ( ६७.२० %)  खर्च भएको विवरण सहितको प्रतिवेदन  पेश गर्नुभएको थियो।

कार्यक्रममा राष्ट्रिय किताबखाना,  नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, निजामती कर्मचारी अस्पताल, आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानले आ-आफ्ना बार्षिक अवधिको प्रगति संक्षेपमा प्रस्तुत गरेका थिए। त्यस्तै  राष्ट्रिय योजना आयोगका प्रतिनिधिहरुले समेत बजेट खर्च, वित्तीय एवं भौतिक प्रगति प्रति आ-आफ्नो धारणा र सुझाब राख्नुभएको थियो।

(कालीप्रसाद पराजुली)

प्रवक्ता

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

मितिः २०८२ साल साउन २० गते